बैठक संख्याः-४७

आज मिति २०८० साल चैत्र ९ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. .वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री राधाकृष्ण खतिवडा | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २-** बिर्तामोड नगरपालिका वडा नं ६, ७ र ८ हुँदै बग्ने देउनिया खोलाले विगत केही वर्ष देखि धार परिवर्तन गरी व्यक्तिको निजी घर, जग्गा जमिन तथा वनलाई समेत क्षति हुने गरी वर्षादमा नदी कटान तथा बाढी आउने भएको हुदाँ उक्त खोलालाई च्यानलाइज गरी खोलालाई साविक कै धारबाट बग्ने गरी कार्य गर्न मिति २०८०।९।१३ गतेको कार्यपालिका बैठकबाट देउनिया खोला च्यानलाइज गर्दा निस्कने ढुङ्गा, गिटी, बालुवा, भरौट/बलौट माटो आदि व्यवस्थापन कार्यको प्रारम्भिक प्रतिवेदन (IEE) स्वीकृत गरेको। उक्त स्वीकृत प्रतिवेदनमा उल्लेखित वडा नं ६ मा देउनिया खोला घाटगद्दी पूर्वबाट क्रमश वडा नं ७ हुँदै वडा नं ८ रेखा-देउनिया खोला दोभानसम्म १४ वटा स्थानबाट जम्मा ९६२० घ.मि. नदीजन्य सामाग्री उत्खनन् गर्न खोला सिधा गर्ने गरी रेखाङ्कन गरी नदीजन्य सामाग्री उत्खनन् कार्य अघि बढाउने निर्णय गरियो। साथै उक्त कार्यमा सहजीकरण गर्न नगर उप प्रमुखको संयोजकत्वमा सम्पूर्ण कार्यपालिका सदस्यहरु सदस्य रहने गरी सहजीकरण समिति समेत गठन गरी जिम्मेवारी दिने र उत्खनन् कार्य भईरहदाँ सम्बन्धित वडाका वडा सदस्यहरुलाई उत्खनन् स्थलमा खटिई सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो।